आज मिति २०७९।०४।३० गते सोमबारका दिन प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री रविन्द्र प्रसाद आचार्यको अध्यक्षतामा देहायको पदाधिकारी, सदस्य एवं महानुभावहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थित:

| दस्तखत | पद | नामथर | दर्जा | कार्यालय |
|---|---|---|---|---|
| | अध्यक्ष | श्री रविन्द्र प्रसाद आचार्य | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय मनाङ |
| | सदस्य | श्री लोकेन्द्र बहादुर घले | अध्यक्ष | चामे गाउँपालिका मनाङ |
| | सदस्य | श्री धन बहादुर गुरुङ | अध्यक्ष | नार्सो गाउँपालिका मनाङ |
| | सदस्य | श्री कान्छा घले | अध्यक्ष | मनाङ डिस्याङ गाउँपालिका मनाङ |
| | सदस्य | श्री कोन्जो तेन्जिङ लामा | अध्यक्ष | नार्पभूमि गाउँपालिका मनाङ |
| | सदस्य | श्री दिनेश मल्ल | गुल्मपती | रणदल गुल्म मनाङ |
| | सदस्य | श्री दुर्गा बहादुर थापा | स.प्र.ना.उ. | स.प्र.ब. नेपाल नं.३२ गुल्म चामे |
| | सदस्य | श्री प्रभाकर पन्थ | प्र.अ.अ | जिल्ला अनुसन्धान कार्यालय मनाङ |
| | सदस्य | श्री प्रकाश पाण्डे | प्र.नि. | जिल्ला प्रहरी कार्यालय मनाङ |
| | सदस्य | श्री अर्जुन अधिकारी | नि.जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय मनाङ |
| | सदस्य | श्री सालिकराम सापकोटा | कोष नियन्त्रक | को.ले.नि.का. मनाङ |
| | सदस्य | श्री चुडामणी बराल | प्रमुख | डिभिजन वन कार्यालय, मनाङ |
| | सदस्य | श्री बावुराम आचार्य<br>डा.मुखिया घले | प्रमुख<br>प्रतिनिधी | स्वास्थ्य कार्यालय मनाङ<br>जिल्ला अस्पताल, मनाङ |
| | सदस्य | श्री ढाकाराम आचार्य<br>श्री जय बहादुर विष्ट<br>श्री रेवतीरमण सापकोटा | प्रमुख | जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुख |
| | सदस्य | श्री | प्रमुख वा प्रतिनिधि | नेपाल कम्युनिष्ट पार्टी एमाले |
| | सदस्य | श्री | प्रमुख वा प्रतिनिधि | नेपाली काँग्रेस मनाङ |
| | सदस्य | श्री विनोद लामा | प्रमुख वा प्रतिनिधि | नेपाल रेडक्रस सोसाइटी |
| | सदस्य | श्री फुर्पा लामा | प्रमुख वा प्रतिनिधि | नेपाल पत्रकार महासंघ मनाङ शाखा |
| | सदस्य | श्री | प्रमुख वा प्रतिनिधि | उद्योग वाणिज्य महासंघ मनाङ शाखा |
| | सदस्य | श्री मिलन सुवेदी | प्रमुख वा प्रतिनिधि | नेपाल विद्युत प्राधिकरण मनाङ शाखा |
| | सदस्य | श्री डिमाङ्टुटु लामा | प्रमुख वा प्रतिनिधि | नेपाल टेलिकम |
| | सदस्य | श्री<br>श्री गणेश न्यौपाने | प्रमुख वा प्रतिनिधि | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि./ साल्ट ट्रेडिङ्ग कर्पोरेसन शाखा मनाङ |
| | सदस्य सचिव | श्री विष्णु प्रसाद ढुंगाना | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, मनाङ |

**आमन्त्रित:**

१.श्रेष्तेदार श्री तारादत्त बढु - जिल्ला अदालत मनाङ ।

२. स.प्र.उ श्री राजु गौतम - सशस्त्र प्रहरी बल नेपाल,पर्वतिय उद्धार तालिम शिक्षालय, मनाङ।

३. प्र.प्र.अ. श्री नवेशराज हमाल- चामे गाउँपालिका मनाङ।

४. प्र.प्र.अ. श्री नारायण यादब - मनाङ डिस्याङ गाउँपालिका मनाङ

कार्यसूची

१. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) २०७९ पारित गर्ने सम्बन्धमा ।

२. मनसुनजन्य विपद् प्रभावित लाभग्राहीको लागि दोस्रो किस्ताको अनुदान सम्बन्धमा ।

३. विविध

निर्णयहरु:-

१. मनाङ जिल्लामा आ.व. २०७९/८० भित्र विपद् व्यवस्थापन तथा प्रतिकार्यमा जुट्नका लागि तयार पारिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, (DPRP) २०७९ पारित गर्ने। पारित कार्ययोजनाको सबै सरोकारवाला निकायहरुले समन्वयात्मक रुपमा पूर्ण कार्यान्वयन गर्ने।

२.क) गत वर्षको मनसुनजन्य विपद्का कारण मनाङ जिल्लाका चार वटै स्थानीय तहमा क्षति भएका निजी आवास पुनर्निर्माण तथा मर्मत/प्रवलीकरणका लाभग्राहीहरुको स्थानीय विपद् व्यवस्थापन समितिबाट लाभग्राही कायम गरि पठाईएका लाभग्राहीहरुको प्रथम किस्ता प्राप्त नभएका १६ जना लाभग्राहीहरुको सम्बन्धित स्थानीय तहले स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गरी वडा कार्यालयको लाभग्राही संझौता सहित प्राप्त भए पश्चात जिल्ला प्रशासन कार्यालयले प्रथम किस्ता वापतको रकम लाभग्राहीको बैंक खाता मार्फत उपलब्ध गराउने।

ख. नार्सों गाउँपालिकाबाट मनसुनजन्य विपद्का कारण पूर्ण रुपमा निजी आवास क्षति भएका देहाय बमोजिम ९ जना लाभग्राहीहरुको निजी आवास निर्माणको पहिलो किस्ता प्राप्त गरी मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निमार्ण तथा पुनर्स्थापना कार्यविधी, २०७७ को दफा ५ उपदफा २ बमोजिम प्लिथ लेभल सम्म आवास निर्माण सम्पन्न गरिसकेको अनुसूची ६ बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिक प्रतिवेदन सहित स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय भए अनुसार सिफारिस प्राप्त भएको हुँदा दोस्रो किस्ता वापतको रकम प्रतिलाभग्राही रु. २ लाख ५० हजार अनुदान रकम लाभग्राहीको बैंक खाता मार्फत उपलब्ध गराउने ।

१. ओम माया गुरुङ- नार्सों गा.पा.-९ मनाङ
२. शम्भु घले- नासो गा.पा.- ८ मनाङ
३. खेम बहादुर गुरुङ- नासो गा.पा.- १ मनाङ
४. भिम बहादुर गुरुङ- नासो गा.पा.- १ मनाङ
५. पुप्प बहादुर गुरुङ- नासो गा.पा.- १ मनाङ
६. नन्दजङ गुरुङ- नासो गा.पा.- १ मनाङ
७. विरजंङ गुरुङ- नासो गा.पा.- १ मनाङ
८. सिंह बहादुर गुरुङ- नासो गा.पा.- १ मनाङ
९. नन्द क्याम गुरुङ --नासो गा.पा.- १ मनाङ

साथै स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय र प्राविधिक प्रतिवेदन सहित सिफारिस प्राप्त हुने लाभग्राहीहरुको पछी विपद् व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गर्ने गरी दोस्रो किस्ता वापतको रकम लाभग्राहीको बैंक खाता मार्फत उपलब्ध गराउने ।

ग. गत वर्षको मनसुनजन्य विपद्का कारण नीजी आवास आंशिक रुपमा क्षति भएका लाभग्राहीहरुको विवरण तथा मर्मत संभार कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदन र मनसुन जन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधी, २०७७ को अनुसूची २ बमोजिम सम्बन्धित वडा कार्यालयबाट लाभग्राही संझौता प्राप्त भए पश्चात लाभग्राहीले पाउने कार्यविधीको दफा ६ को उपदफा १(क) बमोजिम एकमुस्ट प्रतिलाभग्राही रु. ५० बजार लाभग्राहीको बैंक खातामा उपलब्ध गराउने ।

घ. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निमार्ण तथा पुनर्स्थापना अनुदान कार्यविधी, २०७७ को दफा ५ उपदफा २ बमोजिम गत वर्षकोमनसुनजन्य विपद्का कारण पूर्ण रुपमा निजी आवास क्षति भएका ६१ लाभग्राही तथा मर्मत तथा प्रवलीकरणका ५० जना लाभग्राहीलाई अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित प्रदेश सरकारले व्यहोर्ने लागत सहभागिताको ३० प्रतिसत लागत प्रबन्धका लागि गण्डकी प्रदेश सरकार, आन्तरिक मामिला मन्त्रालय, पोखरामा लेखी पठाउने ।

३. मनाङ जिल्लामा निर्धारित मापण्दड अनुसारका एम्बुलेन्स नभएको हुँदा सरोकारवाला निकायहरुले आपसी समन्वय र सहकार्य गरी जिल्ला अस्पतालमा एबुलेन्स नआउदाँ सम्मका लागि हाल भएका एम्बुलेन्सहरुको मर्मत सम्भार गरी स्थानीय तहहरुले इन्धन र चालकको व्यवस्थापन गर्ने।

२०७८।४।२०
रविन्द्र आचार्य
प्र. जि. अ.

नेपाल सरकार
गृह मन्त्रालय
प्रशासन कार्यालय